# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्डः-९ संख्याः- ३ मितिः- २०८२ भदौं १० गते


## भाग २

## जोरायल गाउँपालिका

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ;**

## संवत् २०८२ को कार्यविधि नं. ३

## बालबालिका उद्दार, संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावनाः**जोरायल गाउँपालिका क्षेत्रभित्र विभिन्न कारणले ओडार, सडक, सार्वजनिक स्थल वा जोखिमयुक्त अवस्थामा बस्दै आइरहेका बालबालिकाको पहिचान, उद्दार, संरक्षण, पुनःस्थापना तथा समग्र व्यवस्थापनका लागि स्पष्ट कानूनी तथा प्रशासनिक मार्गदर्शन आवश्यक देखिएकोले नेपालको संविधान, बाल

जोरायल गाउँपालिका

अधिकार सम्बन्धी ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यो कार्यविधि तयार गरिएको हो।

**२. नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "जोरायल गाउँपालिकाको बालबालिका उद्दार, संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०८२" रहनेछ।

(२) यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**३. परिभाषाः**

यस कार्यविधिमा, विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा–

(क) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तिलाई जनाउँछ।

(ख) "बालबालिका" भन्नाले सडक, ओडार, सार्वजनिक स्थल वा असुरक्षित अवस्थामा स्थायी/अस्थायी रूपमा बस्दै आएका बालबालिकालाई जनाउँछ।

(ग) "उद्धार" भन्नाले जोखिमयुक्त अवस्थाबाट बालबालिकालाई सुरक्षित स्थानमा ल्याउने कार्यलाई जनाउँछ।

(घ) "संरक्षण" भन्नाले अस्थायी वा दीर्घकालीन हेरचाह, शिक्षा, स्वास्थ्य, पोषण तथा मनोसामाजिक सहयोगलाई जनाउँछ।

(ङ) "पुनःस्थापना" भन्नाले बालबालिकालाई परिवार, आफन्त वा उपयुक्त संरक्षण केन्द्रमा पुनःमिलान गराउने कार्यलाई जनाउँछ।

## ४. कानुनी सन्दर्भ

(१) नेपालको संविधानको धारा ३९ (बाल अधिकार)

(२) बाल अधिकार ऐन, २०७५

(३) बाल अधिकार नियमावली, २०७८

(४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(५) प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानून

## ५. उद्देश्यः

(क) जोखिममा रहेका बालबालिकाको शीघ्र उद्धार गर्नु।

(ख) बालमैत्री संरक्षण र व्यवस्थापन सुनिश्चित गर्नु।

(ग) शिक्षा, स्वास्थ्य, पोषण तथा मनोसामाजिक सेवा उपलब्ध गराउनु।

(घ) खर्च व्यवस्थापनलाई पारदर्शी र प्रभावकारी बनाउनु।

## ६. उद्धारको प्रक्रियाः

(१) वडा कार्यालय, प्रहरी, विद्यालय, स्थानीयबासी वा सामाजिक संस्थाबाट सूचना प्राप्त भएमा तत्काल अनुगमन गरिनेछ।

२) बालकल्याण अधिकारी/सम्बन्धित शाखाको नेतृत्वमा उद्धार टोली परिचालन गरिनेछ।

(३) उद्धार गरिएका बालबालिकालाई अस्थायी सुरक्षित स्थल वा संरक्षण गृहमा राखिनेछ।

## ७. संरक्षण तथा व्यवस्थापन व्यवस्थाः

(१) अस्थायी संरक्षणः सुरक्षित आवास, खाना, लत्ता–कपडा, स्वास्थ्य जाँच।

(२) शिक्षाः विद्यालय भर्ना, अनौपचारिक शिक्षा वा सिप विकास।



जोरायल गाउँपालिका

(३) स्वास्थ्य तथा मनोसामाजिक सहयोगः नियमित स्वास्थ्य परीक्षण, परामर्श सेवा।

(४) पुनःस्थापनाः परिवार खोज, पारिवारिक परामर्श, दीर्घकालीन संरक्षण केन्द्रमा स्थानान्तरण।

## ८. खर्च व्यवस्थापनः

### (१) खर्चका शीर्षकहरूः

(क) अस्थायी आवास तथा खाना (दैनिक खाना, आवास शुल्क)

(ख) लत्ता–कपडा तथा सरसफाइ सामग्री

(ग) स्वास्थ्य उपचार (स्वास्थ्य परीक्षण, औषधि, आकस्मिक उपचार)

(घ) शिक्षा तथा शैक्षिक सामग्री (भर्ना शुल्क, किताब, पोसाक)

### (२) अनुमानित खर्चः

खाना/आवास, लत्ता–कपडा, स्वास्थ्य उपचार, शैक्षिक सामग्रीका लागि प्रति बालबालिका मासिक जम्मा अनुमानित खर्चः अधिकतम रु. ७,०००



जोरायल गाउँपालिका

**(३) खर्च स्रोतः**

(क) गाउँपालिकाको वार्षिक स्वीकृत बजेट

(ख) संघ/प्रदेश सरकारको सशर्त वा विशेष अनुदान

(ग) गैरसरकारी संघसंस्था तथा दातृ निकायको सहयोग

**(४) खर्च स्वीकृति तथा भुक्तानी प्रक्रियाः**

(क) सम्बन्धित शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृति

(ख) प्रचलित आर्थिक प्रशासन नियमावली बमोजिम भुक्तानी

(ग) सबै खर्चको बिल–भर्पाइ अनिवार्य

**९. अनुगमन तथा मूल्याङ्कनः**

(१) गाउँपालिकाले नियमित अनुगमन गर्नेछ।

(२) संरक्षण तथा पुनःस्थापनाको प्रभावकारिता मूल्याङ्कन गरिनेछ।

**१०. समन्वयः**



जोरायल गाउँपालिका

प्रहरी, स्वास्थ्य संस्था, विद्यालय, सामाजिक संघसंस्था र बाल संरक्षण समिति बीच समन्वय गरिनेछ।

## ११. विविधः

(१) यो कार्यविधि लागू हुनु अघि भए गरेका काम कारवाहीहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

(२) यस कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुनेछन्।

(३) आवश्यक परे गाउँ कार्यपालिकाले कार्यविधि संशोधन गर्न सक्नेछ।

आज्ञाले

गणेशदत्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका